नौगाड गाउँपालिका
जिल्ला दार्चूला
सुदूरपश्चिम प्रदेश नेपाल

# नौगाड गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि
# २०७६

नौगाड गाउँकार्यपालिकाबाट पारित मिति:२०७६/०५/२४

# नौगाड गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७६

**प्रस्तावना:** स्थानिय सरकार संचालन ऐन, २०७४ को परिक्षेद १०, दफा ७० र नौगाड गाउँपालिकाको विपद व्यवस्थापन ऐन २०७६ बमोजिम यस नौगाड गाउँपालिकाको स्थानिय संचित कोषबाट रकम विनियोजन गरि आर्थिक सहायता कोषको स्थापना गरिएको छ। स्थानिय संचालन ऐन, २०७४ र नौगाड गाउँपालिकाको विपद व्यवस्थापन ऐन २०७६ ले दिएको अधिकारको प्रयोग गरि यस गाउँकार्यपालिकाले गाउँपालिकाको अधिकार क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दिर्घरोगी जस्तै मुटु, मृगौला, क्यानसर लगायतका मानव जीवनमा गम्भीर असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एवं आर्थिक अवस्था कमजोर भएका जेहेन्दार विद्यार्थीहरु लाई आर्थिक सहायताका लागी एक आर्थिक सहायता कोष स्थापना गरी सो कोषको व्यवस्थापन गर्न बान्छनिय भएकाले नौगाड गाउँपालिकाको मिती २०७६/०५/२४ गते बसेको गाउँकार्यपालिका को बैठकले यो कार्यविधि लागु गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम ‘‘नौगाड गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७६’’ रहेको छ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट पास भए पछी तुरुन्त लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) ‘‘गाउँपालिका’’ भन्नाले नौगाड गाउँपालिकालाई सम्झनुपर्छ।

(ख) ‘‘गाउँ कार्यपालिका’’ भन्नाले नौगाड गाउँकार्यपालिका सम्झनु पर्छ।

(ग) ‘‘अध्यक्ष’’भन्नाले नौगाड गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(घ) ‘‘न्यायिक समिति’’ भन्नाले नौगाड गाउँपालिकाको न्यायिक समितिलाई सम्झनु पर्छ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नौगाड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) “आर्थिक सहायता पाउन योग्य व्यक्ति” भन्नाले आर्थिकरुपले विपन्न, गरिबको रेखामुनि रहेका, दीर्घ रोगी, मुटु, कलेजो, फोक्सो, मृगौला, क्यान्सर, टि.बि. जस्ता शरीरको महत्वपूर्ण अंगका रोगी तथा एच.आई.भि. संक्रमित बालबालिका ,हिंसा पिडित, अशक्त, असाहय, अपाङ्ग,आमा र वुवा दुबै नभएका टुहुरा तथा असहाय बालबालिका, दुर्घटनामा परेका,वाढी पहिरो, आगलागीबाट घरगोठ बिहिन भएका लगायत प्राकृतिक तथा दैबी प्रकोपमा परेका, सुत्केरी आमा तथा बच्चा, विपन्ताको कारण औषधी उपचारबाट बन्चित लगायतमा समस्याग्रस्त नागरिकहरु, जनप्रतिनिधि र कर्मचारीहरुलाई समेत सम्झनु पर्छ ।

## परिच्छेद २

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. दीर्घ रोगी तथा क्यान्सर पीडितहरुलाई सहायता :** (१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी - मुटु, मृगौला, फोक्सो, कलेजो, पक्षघात, क्षयरोग बिग्रेका, एच.आई.भि. संकमित, ) तथा क्यान्सर पीडित व्यक्तिहरुलाई आर्थिक सहायता गर्न सकिने छ ।

(२) आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिनु पर्ने छ ।

(३) उप दफा(२) बमोजिम प्राप्त निवेदनमाथि गाउँकार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विमारीको अवस्था हेरी रु. बिस हजार देखि रु एक लाख सम्म आर्थिक सहायता दिन सकिने छ । साथै निशुल्क उपचारको लागि सिफारिस समेत गर्न सकिने छ ।

स्पष्टिकरण : “आवश्यक कागजात” भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकारिक सरकारी निकायबाट प्रमाणित कागज, डक्टरको रिर्पोट, स्थानीय स्वास्थ्य संस्थाबाट सिफारिस, उपचारका विल भर्पाइ, नागरिकता वा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि लगायत कागजात सम्झनु पर्छ ।

**४. जटिल किसिमका सुत्केरी समस्या, हिंसा पीडित महिला तथा बालबालिकालाई सहायता :**

(१) सुत्केरी महिला, हिंसा पीडित वा महिला हिंसामा परेका तथा बालबालिकाको तत्काल उद्धार गरी उपचार गर्न तथा जीवन यापन गर्न राहत स्वरुप गाउँपालिका अध्यक्षको

सिफारिसमा बढीमा रु पाँच हजार देखि रु चालिस हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

(३) दफा ३ को उप दफा (२) बमोजिम आर्थिक सहायताको निवेदन र आवश्यक कागजातहरु पेश गर्नु पर्ने छ ।

**५. प्राकृतिक प्रकोप तथा मानव सृजित प्रकोपबाट पीडितहरु/आर्थिक अवस्था कमजोर भएका जेहेन्दार बिद्यार्थीहरुलाई सहयोग :**

(१) प्राकिृतिक प्रकोप तथा मानव सृजित प्रकोपहरु वाढी, पहिरो, आगलागी, चट्याङ, भुकम्पबाट पीडितहरुलाई आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

(२)प्राकिृतिक प्रकोप तथा मानव सृजित प्रकोपहरु वाढी, पहिरो, आगलागी, चट्याङ, भुकम्पबाट पीडित व्यक्ति वा परिवारहरुलाई देहाय बमोजिमको आधारमा आर्थिक सहायता उपलब्ध गराइने छ ।

(क) प्रकोपबाट कुनै व्यक्तिको मृत्यु भएमा नजिकको हकवालालाई बढीमा रु असी हजार सम्म उपलब्ध गराउन सकिने ।

(ख) प्रकोपबाट कुनै व्यक्तिको अंगभंग भएमा पीडितलाई बढीमा रु दश हजार देखि पचास हजार सम्म उपलब्ध गराउन सकिने ।

(ग) प्रकोपबाट कुनै व्यक्तिको घरबास भत्किएर आंशिक वा पुरै क्षति भएमा रु पाच हजार देखि बढीमा रु तिस हजार सम्म उपलब्ध गराउन सकिने ।

(घ) प्रकोपबाट कुनै व्यक्तिको बालीनाली आंशिक वा पुरै नष्टभएमा पीडित तथा आर्थिक अवस्था कमजोर भएका जेहेन्दार विद्यार्थीहरुलाई रु दुई हजार देखि बिस हजार सम्म उपलब्ध गराउन सकिने ।

(ङ) प्रकोपबाट कुनै व्यक्तिको पशु चौपायाहरुको क्षति भएमा क्षतिको अवस्था हेरी रु दुई हजार देखि बिस हजार सम्म उपलब्ध गराउन सकिने ।

(च) वाढी पहिरोमा परी परिवार विस्थापित हुने अवस्था भएमा रु दश हजार देखि पचास हजार सम्म उपलब्ध गराउन सकिने ।

(३) उप दफा(२) बमोजिम आर्थिक सहायता प्राप्त गर्नको लागि पीडितले प्रहरी रिपोर्टको, वडा कार्यालयको सिफारिस साथै आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिनु पर्ने छ ।

(४) उप दफा (३) बमोजिम निवेदन प्राप्त भएपछि गाउँपालिकाले आवश्यक परेमा स्थलगत निरीक्षण समेत गरि रु चालिस हजार सम्म अध्यक्षले सिफारिस गरि प्रमुख प्रशासकीय अधिकृतले र सो भन्दा माथी कार्यपालिका/समीतीकोको निर्णयबाट उपलब्ध गराइने छ ।

(५) यस दफा ६. को आर्थिक सहायता सम्बन्धमा व्यक्ति वा परिवारको लापरवाहीको कारणबाट क्षति भएमा कुनै पनि सहायता उपलब्ध हुने छैन ।

(६) आर्थिक सहायता अधिकार नभएर सहयोगको रुपमा मात्र रहनेछ ।

**नोट:** पचास हजार सम्मको आर्थिक सहायता अध्यक्षको सिफारिसमा सिधै प्रमुख प्रशासकीय अधिकृतले र सो  भन्दा माथीको सहायता गाउँ कार्यपालिकाको निर्णय बमोजिम दिईने छ ।

## परिच्छेद ३

### विविध

६. **निवेदनको ढाँचा** : दफा ३,४,५,६ बमोजिम सहायता पाउन अनुसूची १ को ढाँचामा निवेदन दिनुपर्ने छ ।

७. **अधिकार प्रत्यायोजन गर्न सकिने :** यस कार्यबिधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार गाउँकार्यपालिकाले अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्ने छ ।

८. **आर्थिक सहायता तथा आकस्मिक कोष :** (१) यस कार्यबिधि अनुसार आर्थिक सहायता दिने एवं प्राकृतिक र गैर प्राकृतिक प्रकोप पीडितलाई राहत, उद्दार तथा पुर्नस्थापना गर्ने र अन्य आकस्मिक कार्यको प्रयोजनको लागि एक आर्थिक सहायता तथा आकस्मिक कोष स्थापना गरिनेछ ।

(२) आर्थिक सहायता तथा आकस्मिक कोषमा देहायको रकम जम्मा गरिने छ ।

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट कोषको लागि प्राप्त अनुदान रकम ।

(ख) सरकारी तथा गैर सरकारी संघ संस्थाबाट कोषको लागि प्राप्त रकम ।

(ग) आर्थिक सहायता, प्रकोप पीडितको उद्दार, राहत तथा पूर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम ।

(३) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा/योजना शाखा हेर्ने व्यक्तिको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) आर्थिक सहायता तथा आकस्मिक कोष सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**९.संशोधन तथा खारेजी :** (१) यस कार्यबिधिमा कुनै कुरा संसोधन गर्न परेमा वा थप घट गर्न परेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(२) यस कार्यबिधिमा भएको व्यवस्था संविधान, संघीय तथा प्रदेश कानून संग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज हुने छ ।

## अनुसूची १

मिति............

श्रीमान गाउँपालिका अध्यक्ष ज्यू,

नौगाड गाउँपालिका, दार्चूला

बिषय : आर्थिक सहायता उपलब्ध गराईदिन हुन ।

महोदय,

प्रस्तुत बिषयमा म/हामी......................रोगले ग्रसित भई..........गर्नूपर्ने व्यहोरा अवगत गराउँदछु/छौ । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि गाउँपालिकाको नियम अनुसार आर्थिक सहायता उपलब्ध गराई निशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस समेत गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौ ।

तपसिल

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/..........को प्रतिलिपि
३. डक्टर तथा अस्पतालको रिपोर्ट
४. स्थानीय स्वास्थ्य संस्थाको सिफारिस पत्र
५. ........................................

निवेदक

नाम थर/ठेगाना :...............

हस्ताक्षर.............

# अनुसूची २

मिति............

श्रीमान गाउँपालिका अध्यक्ष ज्यू,

नौगाड गाउँपालिका, दार्चूला

बिषय : आर्थिक सहायता उपलब्ध गराईदिन हुन ।

महोदय,

प्रस्तुत बिषयमा म/हामी.......................भई...........व्यक्ति...........भएको व्यहोरा अवगत गराउँदछु/छौ । म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तत्काल.......................गर्नु पर्ने भएकोले गाउँपालिकाको नियम अनुसार आर्थिक सहायता उपलब्ध गराई.........................लागि सम्बन्धित निकायमा सिफारिस समेत गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौ ।

तपसिल

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि

२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/..........को प्रतिलिपि

३. वडा कार्यालयको सिफारिस पत्र

४. .........................................

निवेदक

नाम थर/ठेगाना :...............

हस्ताक्षर.............